नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:-

नेपाल सरकार
गृह मन्त्रालय

सिंहदरवार,
काठमाडौं, नेपाल

मिति २०७४।०५।११

## प्रेस विज्ञप्ति

२०७४ श्रावण २७ गते देखि परेको अविरल वर्षाका कारण वाढी, पहिरो र डुवानवाट प्राप्त पछिल्लो विवरण अनुसार १५९ जनाको मृत्यु,२८ वेपत्ता र ४५ जना घाइते भएका छन् । त्यसै गरी ४३४३३ वटा घर पूर्णरुपमा क्षति र १,५८,१९७ घरमा आंशिक रुपमा क्षति पुगेको प्रारम्भिक विवरण प्राप्त भएको छ । पूर्ण र आंशिक घर क्षतिको विवरण संकलन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

१.वाढी, डुवान र कटान प्रभावित जिल्लाहरूमा हालसम्म वितरण गरिएका राहत सामाग्रीहरु:-

| सि.नं. | विवरण | परिमाण | |
|---|---|---|---|
| १. | त्रिपाल | ६०२०२ | थान |
| २. | मेट्रेस | ८१२९ | थान |
| ३. | कम्बल | ९८१२ | थान |
| ४. | झुल | २१०६० | थान |
| ५. | भाँडाकुडा | ३९९२२ | सेट |
| ६. | कपडा | ३०४२३ | थान |
| ७. | चामल | ९०६६९८ | के.जी |
| ८. | दाल | ८६०९४ | के.जी |
| ९. | चिउरा | ११६५९१ | के.जी. |
| १० | चिनी | १५८०७ | के.जी |
| ११. | चाउचाउ | १७८८६८ | प्याकेट |
| १२ | भुजिया | २९६९६ | के.जी |
| १३. | दालमोठ | ३६२५५ | के.जी. |

नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल

| | | | |
|---|---|---|---|
| १४. | विस्कुट | ९५५१० | प्याकेट |
| १५. | पानी | ५२८१२ | कार्टुन |
| १६. | तेल | ४२८२० | लिटर |
| १७. | नुन | ४४४०२ | के.जी. |
| १८. | पिठो | ५,४१८ | के.जी. |
| १९. | विविध खाद्य सामग्री | ८८९७७ | के.जी. |

२. राहत वितरणका लागि आज केन्द्रीय दैवी प्रकोप उद्धार कोषवाट पांचथर, झापा, मोरङ्ग, सुनसरी, उदयपुर, ससरी, सिरहा, सर्लाही, सिन्धुलि, महोत्तरी,धनुषा,रौतहट,वारा,वांके, वर्दिया,बाजुरा जिल्लाका जिल्ला दैवी प्रकोप उद्धार कोषमा जम्मा रु. ८ करोड ५१ लाख निकासा गरिएको छ ।

३. अविरल वर्षावाट आएको वाढी,पहिरो तथा डुवान पीडितहरुलाई खाद्यान्न खरिद गर्नको लागि प्रति व्यक्ति प्रति दिन रु ७०/- का दरले ३० दिनका लागि एकमुष्ठ नगदै राहत उपलव्ध गराउने नेपाल सरकार (मन्त्रिपरिषद) २०७४/०४/३१ को निर्णय बमोजिम हाल सम्म पांचथर, झापा, मोरङ्ग, सुनसरी, ससरी, सिरहा, सर्लाही, रौतहट,वारा, नवलपरासी, वांके, लगायतका जिल्लाका २३६४ जना पीडितहरुलाई राहत वितरण गरिएको र राहत वितरण कार्य निरन्तर भईरहेको छ ।

(रामकृष्ण सुवेदी)
सह-सचिव/प्रवक्ता